बागमती प्रदेश सभा

# सार्वजनिक लेखा समिति

# वार्षिक प्रतिवेदन ,२०८२




## सार्वजनिक लेखा समितिको सचिवालय

हेटौँडा , मकवानपुर

# सार्वजनिक लेखा समितिमा रहनु भएका माननीय सदस्यहरु



सभापति
मा. श्रीराम लामिछाने



सदस्य
मा. इन्द्र प्रसाद गोतामे



सदस्य
मा. कृष्णकुमार तामाङ



सदस्य
मा. केशवप्रसाद पोखरेल



सदस्य
मा. गिर बहादुर तामाङ



सदस्य
मा. पुकार महर्जन



सदस्य
मा. प्रेम बहादुर पुलामी



सदस्य
मा. भरत बहादुर के.सी.



सदस्य
मा. मातृका प्रसाद भट्टराई



सदस्य
मा. माया कुमारी कार्की



सदस्य
मा. माया श्रेष्ठ



सदस्य
मा. युवराज दुलाल



सदस्य
मा. राजेन्द्र प्रजापति



सदस्य
मा. रामेश्वर श्रेष्ठ



सदस्य
मा. वसन्त प्रसाद मानन्धर



सदस्य
मा. विनु रायमाझी पौडेल



सदस्य
मा. सरिता खड्गी



समिति सचिव
प्रेम प्रकाश न्यौपाने

# मन्तव्य



**माननीय सभामुखज्यू,**

बागमती प्रदेश, सार्वजनिक लेखा समितिको सभापतिको हैसियतले बार्षिक प्रतिवेदन २०८२ लाई यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा मलाई गौरब लागेको छ ।

प्रदेश सभा नियमावली, २०७४ बमोजिम गठित सार्वजनिक लेखा समितिको कार्यक्षेत्र अन्तर्गत महालेखापरीक्षकको वार्षिक प्रतिवेदनबाट औंल्याइएका बेरुजू फछ्र्यौट गर्न, प्रदेश सरकारलाई वित्तीय अनुशासनमा राख्न, सरकारलाई प्रदेश सभा र प्रदेशबासी नागरिकप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारी काम कार्यवाहीको निगरानी गर्न र राजश्वको न्यायोचित वितरण र जनताको माग अनुसार प्रभावकारी खर्च भए नभएको मूल्याङ्कन गरी आवश्यक राय सुझाब वा निर्देशन दिनु आदि जिम्मेबारी वा पूरा गर्नु यस समितिको मूल दायित्व रहेको छ ।

त्यसैगरी समितिका कार्यक्षेत्रभित्र सरकारी निकायहरुको नीति, कार्यक्रम, स्रोतको परिचालन तथा व्यवस्थापन, खर्च र कार्यान्वयनको स्थिति आदिको मूल्याङ्कन गरी तत्-तत् निकायलाई वित्तीय अनुसाशनका लागि खबरदारी र आवश्यक निर्देशन दिनु समितिको उद्देश्य अनुरुप महालेखापरीक्षकको कार्यालयबाट औंल्याइएका सार्वजनिक खर्च सम्बन्धी अनियमिततालाई सुक्ष्म तबरले निगरानी गरी खर्चको प्रकृयाको सिलसिलामा सम्बन्धित निकायहरुबाट नियमितता, औचित्यता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको अनुगमन गर्दै आर्थिक अनुशासन एवं सुशासन कायम गर्न राय परामर्श लगायत आवश्यकता अनुसार निर्देशन समेत दिनु पनि समितिको मुख्य जिम्मेवारी रहेको छ ।

सार्वजनिक वित्तको प्रभावकारी खर्च गर्ने प्रक्रियामा स्रोत साधनको दिगो व्यवस्थापन, खर्चको न्यायोचित बाँडफाँड र सार्वजनिक सम्पत्तिको सदुपयोग हुनु भनेकै वित्तीय संघीयताको सम्मान हो । मुलुक र जनताको हितको लागि खर्च हुने कुरा न्यायिक हुनुपर्दछ, जनहितकारी हुनुपर्दछ र लाभदायी र पारदर्शी हुनु अति जरुरी छ ।त्यसैले लगानी भएको खर्च जनउपयोगी छ वा छैन भन्ने विषयमा यस समितिले बारम्बार निगरानी

गर्ने, खबरदारी गर्ने र आवश्यकता अनुसार सुझाब तथा निर्देशन दिदै आएको छ । यस्ता प्रकारको सुझाब, निर्देशन र खबरदारी गर्ने कार्य आगामी दिनमा यो समिति अझ सक्रिय रहने छ भन्ने विश्वास दिलाउन चाहन्छु ।

यस आर्थिक वर्षमा यस समितिको सत्ताइस(२७) पटक बैठक बसेको छ । प्रत्येक बैठकबाट नयाँ-नयाँ विषयमा छलफल भई निर्णय भएका विषयमा कार्यान्वयन थालिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

महालेखापरीक्षकको कार्यालयले चौथो र पाँचौ प्रतिवेदनबाट औल्याइएका बेरुजुको सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सहित विषयगत १४(चौध) वटा मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश लोकसेवा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालयको बेरुजुको सम्बन्धमा फरक-फरक मन्त्रालय तथा निकायहरु तोकी ३ (तीन) वटा उपसमितिहरू गठन भएको छ। प्रत्येक उपसमितिमा संयोजक तथा सदस्यहरु तोकी प्रत्येक सदस्यलाई एक-एकवटा मन्त्रालय तथा निकायको जिम्मेवारी बाँडफाँड गरी अध्ययन गरियो। यसैगरी महालेखापरिक्षकको छैटौं वार्षिक प्रतिवेदन महालेखापरीक्षक, कोष तथा लेखानियन्त्रक कार्यालयको प्रतिनिधी, प्रदेश लेखा नियन्त्रक र विषयगत मन्त्रालयका सचिवहरुसँग छैटौं प्रतिवेदन उपर गहन छलफल र अध्ययन गरी देखिएका बेरुजु सम्परीक्षण तथा फरफारक गर्ने नियमित गर्ने लगायतका कार्यमा सम्बन्धित लेखाउत्तरदायी अधिकृत, जिम्मेवार व्यक्ति, प्रदेश सरकार र अन्य निकायहरुलाई निर्देशन गरिएको छ।यस अवधिमा विभिन्न उपसमितिले शीतभण्डाहरुको अनुगमन गरेको थियो। शीतभण्डारको सवालमा शीतभण्डार सञ्चालन सुनिश्चितताको लागि आवश्यक निर्देशन दिएको छ ।यसैगरी, बहुवर्षीय आयोजनाहरूको प्रगति औचत्य र उपादेयता सम्बन्धमा अध्ययन गर्न ३(तीन) सदस्यीय बहुवर्षीय आयोजनाहरुको अध्ययन समिति बनेको छ। उक्त समितिले बहुवर्षिय योजनाको छनौट प्रक्रियाको पारदर्शीता, मापदण्डको परिपालना तथा अनुगमन र मर्मत सम्भारको विषयमा निर्देशनहरु दिएको छ। योसँगै बागमती प्रदेश सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गतको स्वास्थ्य आपूर्ति केन्द्रबाट वितरण भएका सामग्रीहरूको स्पष्ट विवरण माग गरी अध्ययन गरेको छ।समिति अन्तर्गतका गठित उपसमितिहरुले विभिन्न आयोजना तथा मातहतका कार्यान्वयन इकाइमा आवश्यक छलफल, जानकारी एवं निर्देशन दिनुका साथै सेवा प्रवाह तथा आयोजना

व्यवस्थापनमा रहेको समस्याको पहिचान गरी त्यसको समाधानका लागि सम्बन्धित निकायमा आवश्यक निर्देशन दिएको छ।

**माननीय सभामुखज्यू,**

सार्वजनिक लेखा समितिले गरेका कार्य र दिइएका सुझाबहरु प्रतिवेदनमा राखिएको जानकारी गराउँदै हामी सबै जनप्रतिनिधिले मुलुकर जनताप्रति जवाफदेही हुनैपर्दछ। वित्तीय अनुशासन पारदर्शीता र सुशासन कायम गर्ने पर्दछ।प्रदेशको स्थापना देखि हालसम्म भए गरेका राम्रा र सुन्दर पक्षहरुलाई ग्रहण गर्दै गल्ती कमजोरी देखिएमा सुधार गर्दै कार्यान्वयन गर्ने कुरामा कुनै हिचकिचावट राख्नु हुदैन भन्ने यथार्थतालाई स्विकार गर्दै आगामी वर्षदेखि प्रदेश सरकार र सम्बन्धित निकायसँग हातेमालो गर्दै सार्वजनिक खर्च जनउपयोगी, मितव्ययी, पारदर्शी, अनुशासीत जनउत्तरदायी र सुशासनको प्रत्याभूति दिलाउने मात्र होइन यदि आवश्यक देखिएमा हस्तक्षपकारी भूमिकामा बागमती प्रदेश सार्वजनिक लेखा समिति आर्थिक सुशासनको विषयमा खरो रुपमा उत्रने विश्वास यस सम्मानित सभामा दिलाउन चाहन्छौं।

लेखासमितिले छलफल गर्न आवश्यक ठानेका विषयमा छिटफुट अनुपस्थित बाहेक माननीय मुख्यमन्त्री, मन्त्रीहरु, प्रमुख सचिव, सचिव र सम्बन्धित निकाय प्रमुखबाट लेखासमितिमा उपस्थित भएर संसदीय मर्यादा र लेखासमितिको काममा सहयोग गर्नुहुने सबैमा हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्न चाहन्छु।

समय समयमा समितिले दिएका निर्देशनको बारेमा समयमानै चासो नदिने, बेरुजु फर्छ्यौट् र सम्परीक्षणमा उदाशिन हुनु, बजेटको अभावमा प्रयाप्त अनुगमन गर्न नसक्नु, कर्मचारी सरुवा छिटो छिटो हुने समितिका  केहि प्राविधिक कमीकमजोरीका कारण सोचे जस्तो परिणाम हासील नभइरहेको महशुस भएको छ।समिति गठनमा केही ढिला भएकोले चौथो, पाचौं र छैठौं प्रतिवेदन एकैसाथ अध्ययन र दफाबार छलफल गर्नुपरेको र त्यसमा पनि बेरुजु फर्छ्यौटमा सम्बन्धित निकायको आलस्यताले थप चुनौतिपूर्ण भएको छ।

**माननीय सभामुखज्यू**

**अन्त्यमा,**

सार्वजनिक लेखा समितिले पटक पटक सन्तुलित बजेट निर्माण र प्रभावकारी कार्यान्वयन गरी वित्तीय एवं समग्र सुशासनको प्रत्याभूति दिन निर्देशन एवं खबरदारी गरिरहेता पनि

श्रोतको अधिक अनुमान हुने, योजना तर्जुमा प्रक्रिया व्यवस्थित नहुने, मापदण्ड र कार्यविधि आफू अनुकुल संशोधन हुने, खर्च प्रगति सन्तोषजनक नरहने, आम्दानी श्रोत अनुमानको पूर्णत कार्यान्वयनको अभाव, हचुवामा दायित्व बोक्ने र पुरा गर्न नसक्ने प्रवृत्ति देखिएको कारण बजेट असन्तुलित हुदै गएको अवस्था छ। यस्ता प्रवृत्तिबाट आगामी आर्थिक वर्षहरुमा बजेट नै बन्न कठिन हुने अवस्था आउनसक्ने तर्फ गम्भिर ध्यानाकर्षण गराउन चाहन्छु। प्रदेश सभामा गम्भिर छलफलका लागि आवश्यक परे सबैको सहभागितामा योजना तर्जुमा गरि विनियोजन हुने बजेटलाई निर्माण र कार्यान्वयनको हालसम्मको अवस्था समिक्षा गरि दिगो नीति निर्माण गर्न सरकारलाई निर्देशन दिन समेत ध्यानाकर्षण गराउन चाहन्छु।

आगामी वर्ष अझ प्रभावकारी, उत्कृष्ट र परिणाममुखी प्रतिवेदन पेश गर्ने कुरामा समिति विश्वस्त रहेको यस सम्मानित सभामा जानकारी गराउँदछौं। धन्यवाद।

२०८२ जेठ ३० गते

माननीय श्रीराम लामिछाने
सभापति
सार्वजनिक लेखा समिति
बागमती प्रदेश

## विषयसूची

परिच्छेद -१। प्रारम्भिक

१.१ पृष्ठभूमि

१.२ समितिको गठन

१.३ समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार

१.४ सार्वजनिक लेखा समितिको सचिवालय

परिच्छेद २ ।समितिका निर्णयहरु

परिच्छेद ३ ।उप-समितिका अनुगमन प्रतिवेदनहरुको सम्पादित अंश

परिच्छेद ४ ।बहुवर्षीय आयोजनाहरुको अध्ययन समितिको प्रतिवेदन

अनुसुची १ ।अनुगमनको क्रममा लिइएको तस्वीरहरु

अनुसुची २ ।समितिको बैठकका तस्विरहरु

अनुसुची ३ ।समिति सदस्यहरुको विवरण

अनुसुची ४ ।सचिवालयमा कार्यरत कर्मचारीहरुको विवरण

# परिच्छेद -१
# प्रारम्भिक

## १.१ पृष्ठभूमि

सार्वजनिक लेखा समिति प्रदेश सभाका विषयगत समितिहरु मध्ये एउटा महत्वपूर्ण समिति हो। महालेखापरीक्षकको वार्षिक प्रतिवेदन बेरुजु फछ्र्यौट र सरकारको सार्वजनिक लेखा सम्बन्धी यसको कार्यक्षेत्र रहेको छ। सरकारी कोषको खर्च सभाले स्वीकृत गरे बमोजिम प्रभावकारी र मितव्ययितापूर्वक भए नभएको जाँच गर्नु सार्वजनिक लेखा समितिको मुख्य काम हो। यसको विश्व इतिहासलाई हेर्ने हो भने सार्वजनिक लेखा समितिको गठन बेलायतको संसदमा सन् १८६१ मा भएको थियो। नेपालमा सार्वजनिक लेखा समितिको इतिहास वि.सं.२०१६ सालदेखि नै सुरुवात भएको थियो। वि.सं.२०१५ सालमा निर्वाचित प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको व्यवस्था थियो। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था गरिएको थियो। नेपालको संविधानको धारा १९३ अनुसार प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभा नियमावली २०७४ को नियम १४६ बमोजिम सार्वजनिक लेखा समिति गठन भएको छ।

सार्वजनिक सम्पत्तिको प्रभावकारी व्यवस्थापन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा सर्वाधिक चासो र सार्वजनिक सरोकारको विषय हो। सरकारी कोषको रकम भरपूर उपयोग गर्ने वितरणमा प्रभावकारिता मितव्ययिता ल्याउने र खर्च गर्न सक्ने क्षमतामा वृद्धि ल्याउनुको अतिरिक्त खर्च गर्ने प्रणालीमा पारदर्शिता, औचित्यतता र खर्चको हिनामिनालाई रोक्नको लागि सार्वजनिक लेखा समिति आवश्यकता महशुस गरिएको पाइन्छ। यस समितिका सदस्यहरुले गैर–राजनीतिक रूपमा काम गर्ने अपेक्षा पनि गरिएको हुन्छ। सरकारको'वाच डग'को रुपमा पनि यो समितिलाई हेर्ने गरिन्छ। कार्यपालिकाको खर्च प्रणाली व्यवस्थापिका प्रति जवाफदेही हुने ढंगले भएको छ वा छैन भनी निष्पक्ष दृष्टिबाट हेर्न र कार्यपालिकालाई व्यवस्थापिका प्रति जिम्मेवार बनाई राख्न यो समिति गठन भएको पाइन्छ।

यो समितिको उद्देश्य भनेको अनियमितताहरु महालेखापरिक्षकले औंल्याएको बेरुजु फर्छ्यौट र त्यस उपर छानबिन लगायत प्रदेशको विभिन्न सार्वजनिक खर्च सञ्चालनको मामिलामा भएको भ्रष्टचार वा कार्यसम्पादनको प्रभावकारितामा भएको कुनै कमीको प्रमाणहरु पनि खोजी गर्नु र चासो राख्नुका साथै सम्बन्धित् निकायलाई आवश्यक निर्देशन दिने निर्देशन बमोजिम कार्यसम्पादन भए नभएको निगरानी राख्नु पनि हो। त्यस्तै बजेट ऐन बमोजिम खर्च गरिएको छ वा छैन वा जुन उद्देश्यको लागि विनियोजन गरिएको हो त्यसै काममा खर्च भएको छ वा छैन भन्ने पत्ता लगाउनु पनि समितिको उद्देश्य हो।

## १.२ समितिको गठन

प्रदेश सभा नियमावली २०७४ को नियम १४६ बमोजिम प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न प्रदेश सरकारलाई प्रदेश सभा प्रति उत्तरदायि र जवाफदेही बनाउन प्रदेश सरकारबाट भए र गरेका काम कामकारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह समेतका लागि प्रदेश सभामा विभिन्न विषयगत समितिहरुको गठन गर्न सक्ने व्यवस्था भए बमोजिम सार्वजनिक लेखा समितिको गठन भएको हो।

## १.३ समितिको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकार

- प्रदेश सभा नियमावली २०७४, को नियम १५१ मा व्यवस्था गरिए बमोजिम सार्वजनिक लेखा समितिको काम, कर्तव्य र अधिकार निम्नानुसार  रहेको छः
- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको सार्वजनिक लेखासँग सम्बन्धि नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरू यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने।
- मन्त्रालय, विभाग र अन्तर्गतका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने।
- मन्त्रिपरिषद्का सदस्यले बैठकमा सार्वजनिक लेखासँग सम्बन्धित विषयमा समय–समयमा दिएका आश्वासनलाई पूरा गर्न प्रदेश सरकारद्वारा के–कस्ता कदम उठाइएका छन् सो सम्बन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।
- महालेखापरीक्षकको वार्षिक प्रतिवेदन, बेरुजू फछ्र्यौट र प्रदेश सरकारको सार्वजनिक लेखा सँग सम्बन्धित सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए, नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने।
- सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको सम्बन्धित ऐन, नियम प्रचलित कानून बमोजिम वनेको छ वा छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुरुप काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने।
- प्रदेश सरकारद्वारा समय–समयमा गठन हुने छानबिन आयोग, समिति र जाँचबुझ आयोग, समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने।
- मन्त्रालय, विभाग र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्याङ्कन गरी सो सम्बन्धमा आवश्यक निर्देशन दिने।

- बैठकले सुम्पेको अन्य काम गर्ने।
- समितिको सिफारिसमा सभाबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने।
- सार्वजनिक लेखा समितिले आफ्नो कार्य सम्पादन गर्दा सम्बन्धित मन्त्रालय तथा विभाग, आयोग र निकायका प्रतिनिधि र आवश्यक परे तत् तत् विषयका विशेषज्ञहरुसँग समेत विचारको आदान-प्रदान गर्न सक्नेछ।
- छलफलमा थप विषयवस्तुको जानकारी आवश्यक परेमा विज्ञ तथा विशेषज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ।
- सार्वजनिक लेखा समितिले सभामा पेश गरिएको महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेखित बेरुजुको जाँच गरी महालेखापरीक्षकद्वारा भए गरेका काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनु पर्ने काम कारबाही कानूनसम्मत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिन सक्ने।
- समितिको कार्य सम्पादनको सिलसिलामा समितिका सदस्यले सभामुखको पूर्व स्वीकृति लिई आवश्यक स्थानको भ्रमण गर्न सक्नेछन्। यस्तो स्वीकृति माग गर्दा भ्रमण गर्नु पर्ने कारण स्पष्ट खुलाईएको हुनुपर्ने।
- सभापतिले उपयुक्त सम्झेमा समितिले आन्तरिक काम कारवाही सञ्चालन गर्न वा समितिको कार्यक्षेत्र भित्रको विषयको अध्ययन गरी प्रतिवेदन दिन उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ। त्यस्तो उपसमितिले गर्ने काम र काम सम्पन्न हुनु पर्ने अवधि किटान गरिनु पर्नेछ।
- समितिले बैठकमा प्रस्तुत गर्नु पर्ने वार्षिक प्रतिवेदन वार्षिक अनुमान पेश हुनु अगावै र अरू प्रतिवेदन जुन सुकै समयमा प्रस्तुत गर्न सक्नेछ।

## १.४ सार्वजनिक लेखा समितिको सचिवालय

प्रदेश सभा नियमावली २०७४ को नियम १६१ मा समितिको सचिवालय सम्बन्धी व्यवस्था रहेको छ। प्रदेश सभा सचिवालय अन्तर्गत समितिको सचिवालय रहने छ। प्रदेश सभाको सचिव प्रत्येक समितिको पदेन सचिव हुनेछ। समिति सचिवले सभापतिको अनुमति लिई बैठकको विचाराधिन विषयमा आफ्नो राय दिन सक्नेछ। समितिको सचिवले समितिका कार्य सम्पादनमा सहयोग पुर्याउन सम्बन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग गर्न सक्नेछ। हाल यस समिति सचिवालयमा कार्यरत कर्मचारीहरूको विवरण अनुसूची -४ मा राखिएको छ।

# परिच्छेद २
# समितिका निर्णयहरु

**बैठक संख्या १०**
**मितिः २०८१ भदौ १३**

<u>निर्णयहरु</u>

- प्रमुख सचिवज्यू, विषयगत मन्त्रालयका सचिवज्यूहरु प्रदेश लेखा नियन्त्रकज्यू लगायत अन्य सरोकारवाला निकायहरुका पदाधिकारीहरुबाट उत्थान भएका विषयमा समिति सदस्यहरु बीच छलफल गरी अन्य थप निर्णयका लागि यही मिति २०८१ साल भदौ १४ गते शुक्रबार बिहान ८.०० बजे अर्को बैठक बस्ने निर्णय गरियो।

**बैठक संख्या ११**
**मितिः २०८१ भदौ १४**

<u>निर्णयहरु</u>

- महालेखापरीक्षकको चौथो र पाँचौं प्रतिवेदन सम्बन्धमा मिति २०८१/०५/१३ गते भएकोलाई निरन्तरता दिदै उक्त उलफलको समीक्षा गरियो,
- महालेखापरीक्षकको कार्यालयको चौथो र पाँचों प्रतिवेदनबाट औल्याइएका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कायोलय, विषयगत १२ वटा मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश लोकसेवा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालयको वेरुजू सम्बन्धमा दुई महिनाभित्र राय र ठहर सहितको प्रतिवेदन पेश गर्ने गरी यस समितिका सदस्यहरुसंग आवश्यक परामर्श गरी समिति सभापतिज्यूले संयोजक सहितका निम्नानुसारको मन्त्रालय तया निकायहरु हेर्ने गरी उप-समितिहरु गठन गर्ने,

<u>उपसमिति -१</u>

क. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय्
ख. उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
ग. संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय
घ. श्रम रोजगार तथा यातायात मन्त्रालय
ङ. श्रम, रोजगार तथा यातायात मन्त्रालय
च. खानेपानी, उर्जा तथा सिचाई मन्त्रालय

उपसमिति -२

क. प्रदेश सभा सचिवालय

ख. कृषि तथा पशुपन्छी विकास मन्त्रालय

ग. वन तथा वातावरण मन्त्रालय

घ. आर्थिक मामिला तथा योजना मन्त्रालय

ङ. आन्तरिक मामिला तथा कानून मन्त्रालय

उपसमिति -३

क. प्रदेश लोकसेवा आयोग

ख. प्रदेश नीति तया योजना आयोग

ग. सामाजिक विकास मन्त्रालय

घ. स्वास्थ्य मन्त्रालय

ङ. भौतिक पूर्वाधार तथा विकास मन्त्रालय

च. युवा तथा खेलकूद मन्त्रालय

छ. मुख्य न्यायाधिवक्ताको कार्यालय

- प्रदेश सरकारले नीति कार्यक्रम तथा बजेट बक्तव्य मार्फत साधारण खर्च घटाउने मितव्यतीता कायम गर्ने प्रतिबद्धता जनाएपनि सो अनुरुप कार्य भएको नपाइएकोले मितव्यतीता कायम गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने, साथै यस सम्बन्धमा भए गरेका निर्णय एवं कार्यको जानकारी पाउन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्राचार गर्ने,
- प्रदेश गौरवका आयोजनाहरुको अवस्था के छ भन्ने विषयमा हालसम्मको प्रगति विवरण सम्बन्धित मन्त्रालयबाट माग गर्ने,
- शीतभण्डारहरु निर्माणका विषयमा निर्माण गर्दाको निर्माण, सम्झौता, शीतभण्डार सञ्चालन तथा व्यवस्थापन कार्यविधि साथै तत्समबन्धी बनेका नियम एवं कार्यविधिहरु र धादिडरङ्गको बेनीघाट रोराङ्गमा निर्माण भएको शीतभण्डारलाई साझेदार संस्थाबाट ३०% व्यहोर्नुपर्ने रकम प्रदेश सरकारले नै व्यहोर्ने गरी भएको निर्णयको प्रति समेत कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सार्वजनिक लेखा समितिमा माग गर्न पत्राचार गर्ने निर्णय

## बैठक संख्या १२

## मितिः २०८१ मंसिर १०

**निर्णयहरु**

- यस वर्षको मनसुन अवधिमा आइपरेको विपदजन्य घटना बाढी, पहिरोको कारण मृत्युवरण हुनुभएका सबै नागरिकहरुप्रति हार्दिक श्रद्धासुमन र घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै बागमती प्रदेश भित्रका थुप्रै भौतिक संरचना तथा पूर्वाधारहरुको क्षति भएको सन्दर्भमा बागमती प्रदेश सरकारले राहात तथा पुनःनिर्माण, क्षतिग्रस्त सडक संरचना तथा परियोजनाहरुको पुनःनिर्माणको लागि तत्काल ठोस योजना ल्याई कार्यान्वयन गर्न बागमती प्रदेश सरकारलाई ध्यानाकर्षण एवम् निर्देशन गर्ने निर्णय गरियो ।
- बागमती प्रदेश सरकारको मन्त्रालय तथा निकायहरुद्वारा आर्थिक भार थपिने गरी विभिन्न समिति बनाउने, स्वीकृत दरबन्दी भन्दा बढी करारका कर्मचारी नियुक्ति गर्ने जस्ता कार्यको सम्बन्धमा सबै निकायहरुलाई आफ्नो आर्थिक क्रियाकलापलाई चालु खर्च घटाउने र आर्थिक सुशासनको पक्षमा रही सञ्चालन गर्न ध्यानाकर्षण गराउने निर्णय गरियो।

## बैठक संख्या १३

## मितिः २०८१ मंसिर ११

**निर्णयहरु**

- महालेखा परिक्षकको छैठौं वार्षिक प्रतिवेदन उपर नायव महालेखा परीक्षक, कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि , प्रदेश लेखा नियन्त्रक र विषयगत मन्त्रालयका सचिवज्यूहरु सँग छैठौं प्रतिवेदनमा औंल्याइएको बेरुजु सम्बन्धमा भएको छलफलमा सोही विषयलाई अर्को बैठकमा पनि निरन्तरता दिने निर्णय गरियो।

## बैठक संख्या १४

## मितिः २०८१ मंसिर ११

**निर्णयहरु**

- महालेखा परिक्षकको छैठौं वार्षिक प्रतिवेदन उपर नायव महालेखा परीक्षक, कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि , प्रदेश लेखा नियन्त्रक र विषयगत मन्त्रालयका सचिवज्यूहरु सँग छैठौं प्रतिवेदनमा औंल्याइएको बेरुजु सम्बन्धमा भएको छलफलमा सोही विषयलाई अर्को बैठकमा पनि निरन्तरता दिने निर्णय गरियो।

## बैठक संख्या १५
## मितिः २०८१ मंसिर १२

<u>निर्णयहरु</u>

- महालेखा परिक्षकको छैठौं वार्षिक प्रतिवेदन सम्बन्धमा बागमती प्रदेश सरकारको प्रमुख सचिव, नायव महालेखा परीक्षक, कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि , प्रदेश लेखा नियन्त्रक र विषयगत मन्त्रालयका सचिवज्यूहरु सँग छैठौं प्रतिवेदनमा औंल्याइएको बेरुजु सम्बन्धमा भएको छलफलमा सोही विषयलाई अर्को बैठकमा पनि निरन्तरता दिने निर्णय गरियो।

## बैठक संख्या १६
## मितिः २०८१ मंसिर १२

<u>निर्णयहरु</u>

- महालेखा परिक्षकको छैठौं वार्षिक प्रतिवेदन सम्बन्धमा बागमती प्रदेश सरकारको प्रमुख सचिव, नायव महालेखा परीक्षक, कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि , प्रदेश लेखा नियन्त्रक र विषयगत मन्त्रालयका सचिवज्यूहरु सँग छैठौं प्रतिवेदनमा औंल्याइएको बेरुजु सम्बन्धमा भएको छलफलमा सोही विषयलाई अर्को बैठकमा पनि निरन्तरता दिने निर्णय गरियो।

## बैठक संख्या १७
## मितिः २०८१ मंसिर १३

<u>निर्णयहरु</u>

- महालेखापरीक्षकको छैठौं प्रतिवेदनले औंल्याएको बेरुजु सम्बन्धमा विषयगत मन्त्रालयहरु सँग स्पष्ट विवरण सहितको लिखित जवाफ माग गर्ने निर्णय गरियो।
- महालेखापरीक्षकको प्रतिवेदनले औंल्याएको नियमित गर्नुपर्ने, सैदान्तिक बेरुजु भए नियमित गरी सम्परीक्षण गर्न र असुलउपर गर्नुपर्ने, भए असुलउपर र म्याद नाघेको पेश्की बेरुजु भए फरफारक गरी ३ महिनाभित्र विवरण पठाउन विषयगत मन्त्रालयलाई निर्देशन गर्ने निर्णय गरियो।
- विषयगत मन्त्रालयहरुले कार्यविधि निर्माण गर्दा एउटै कानुन (प्रदेश सुशासन ऐन,२०७७) लाई मात्र आधार मान्ने परिपाटीलाइ निरुत्साहन गर्दै आवश्यक मूल कानुन निर्माण गर्न सम्बन्धित मन्त्रालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

- बागमती प्रदेश सरकारको मन्त्रालयहरु र मातहतका निकायहरुको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन निर्देशन दिने निर्णय गरियो।
- बागमती प्रदेश सरकारलाई नेपाल सरकारबाट प्राप्त हुने समपुरक, समानीकरण र विशेष अनुदान रकम सकेसम्म फिर्ता नै नहुने गरी बजेट कार्यान्वयन गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो ।
- बागमती प्रदेश सरकारको मन्त्रालय र मातहतका कार्यालयहरुको स्थीर सम्पत्तिको अभिलेख स्पष्ट राखी यथार्थपरक विवरण यथाशिघ्र पठाउन निर्देशन गर्ने निर्णय गरियो।
- बागमती प्रदेश सरकारको विभिन्न मन्त्रालय विशेषतः स्वास्थ्य मन्त्रालयले मेसिन औजार खरिद गर्दा आवश्यकता, प्रभावकारिता, औचित्यता समेतको विश्लेषण गरी जडान र सञ्चालनको सुनिश्चितता गरेर मात्र खरिद गर्न निर्देशन गर्ने निर्णय गरियो।
- कृषि मन्त्रालयलाई विगतका शितभण्डार सम्बन्धको विस्तृत विवरण मागेकोमा प्राप्त नभएकोले पुनः पत्राचार गर्ने साथै भौतिक योजना तथा पूर्वाधार तथा विकास मन्त्रालय सँग बहुबर्षीय योजनाको प्रगती विवरण, ठेक्काको म्याद पटक पटक थपिएको र ठेक्का रद्द गरिएको योजनाको विस्तृत विवरण माग गर्ने निर्णय गरियो।
- बागमती प्रदेश सभा, सार्वजानिक लेखा समितिको छैठौं प्रतिवेदन उपर छलफल कार्यक्रममा उपस्थित हुनुभई महत्वपूर्ण सल्लाह दिनुभएकोमा प्रमुख सचिव, नायव महालेखापरीक्षकज्यू, विषयगत मन्त्रालयका सचिवज्यूहरुलाई धन्यवाद दिने निर्णय गरीयो।
- सार्वजानिक लेखा समितिले गर्ने अनुगमन सबै मन्त्रालय मातहतका निकायहरु समेटिने गरी केही कार्यालयहरुमा अनुगमन गर्ने निर्णय गरियो ।
- बागमती प्रदेश सभा, सार्वजानिक लेखा समितिको वार्षिक कार्ययोजना तपशिल बमोजिमको बनाई कार्यसम्पादन गर्ने निर्णय गरियो।

<u>वार्षिक कार्ययोजना</u>

| क्र.स. | कार्ययोजना | निर्धारित समय |
|---|---|---|
| १. | अनुगमन(पहिलो चरण) | पुष १५ सम्म |
| २. | अभिमुखिकरण कार्यक्रम र संघीय प्रतिनिधि सभा ,सार्वजानिक लेखा समितिसँग अन्तर्क्रिया कार्यक्रम,प्रदेश स्तरका नियामक निकाय र उच्च राजनैतिक(मुख्यमन्त्री सहित) अन्तरक्रिया | पुष मसान्तसम्म |
| ३. | महालेखापरीक्षकको चौथो, पाचौं र छैठौं प्रतिवेदन सम्बन्धमा विषयगत मन्त्रालयसँग छलफल कार्यक्रम | माघ मसान्तसम्म |
| ४. | कृषि मन्त्रालय, सहकारी तथा गरिवि निवारण मन्त्रालय, भौतिक पूर्वाधार तथा विकास मन्त्रालयसँग (बहुवर्षिय योजनाको प्रगति समिक्षा र विवरण | माघ मसान्तसम्म |

| क्र.स. | कार्ययोजना | निर्धारित समय |
|---|---|---|
| | ,ठेक्का तोडिएको, पटकपटक म्याद थपको विषयमा) छुट्टै छलफल कार्यक्रम | |
| ५. | मूल समितिमा छलफल, अनुगमन, अन्तर्क्रिया र उप समितिको प्रतिवेदनलाई सम्पन्न गरी अन्तिम प्रतिवेदन तयार गर्ने | बैशाख भित्र |

## बैठक संख्या १८
## मितिः २०८१ पौष ०५

<u>निर्णयहरु</u>

- बागमती प्रदेश सभा, सार्वजानिक लेखा समितिले बागमती प्रदेशका विभिन्न मन्त्रालय र निकायहरुको अनुगमन कार्यक्रम समितिको ११ औं बैठकमा गठित उपसमितिहरुमार्फत तपशिल बमोजिमको जिल्लाहरुमा अनुगमन गर्ने निर्णय गरियो।

| उपसमिति | संयोजक | सदस्यहरु | अनुगमन गरिने जिल्लाहरु |
|---|---|---|---|
| **उपसमिति-१** | मा. श्री मातृकाप्रसाद भट्टराई | मा.श्री गिरबहादुर तामाङ, मा.श्री भरत बहादुर के.सी., मा.श्री विनु रायमाझी पौडेल, मा. श्री सरिता खड्गी | मकवानपुर, सिन्धुली, रामेछाप र दोलखा |
| **उपसमिति-२** | मा. श्री पुकार महर्जन | मा.श्री इन्द्र प्रसाद गोतामे, मा.श्री रामेश्वर श्रेष्ठ, मा.श्री राजेन्द्र प्रजापति, मा.श्री वसन्त प्रसाद मानन्धर | काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक |
| **उपसमिति-३** | मा. श्री केशव प्रसाद पोखरेल | मा.श्री माया कुमारी कार्की, मा.श्री युवराज दुलाल, मा.श्रीकृष्णकुमार तामाङ, मा. श्री प्रेमबहादुर पुलामी, मा. श्री माया श्रेष्ठ | चितवन, धादिङ, नुवाकोट र रसुवा |

- बागमती प्रदेश सभा, सार्वजानिक लेखा समितिको ११ औं बैठकद्वारा गठित विषयगत उपसमितिहरुको समयावधि २०८१ माघ मसान्त सम्म थप गर्ने निर्णय गरियो ।
- यस समिति अन्तर्गतका उपसमिति सदस्यहरु र अनुगमनमा जाने सदस्यहरुको हेरफेर आवश्यक परामर्शमा सभापतीले गर्ने निर्णय गरियो ।

- बागमती प्रदेश सभा, सार्वजानिक लेखा समितिका सदस्य माननीय श्री पुकार महर्जनज्यूको ममतामयी माताको यही मिति २०८१/०७/२१ मा भएको निधनमा आमाको आत्माको चीरशान्तिको कामना सहित हार्दिक श्रद्धान्जली अर्पण र शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्ने निर्णय गरियो।

**बैठक संख्या १९**

**मितिः २०८१ पौष ०६**

<u>निर्णयहरु</u>

- बागमती प्रदेश सरकारको विभिन्न मन्त्रालयहरुमा सचिवहरुको पद रिक्त रहेको कारण सेवा प्रवाहमा गम्भीर असर पुगेको हुँदा तत्काल सचिवको व्यवस्था गर्न बागमती प्रदेश सरकारलाई निर्देशन दिने निर्णय गरियो।
- बागमती प्रदेश सभा, सार्वजानिक लेखा समितिको २०८१/०८/१७ बमोजिमको पत्रानुसारको विवरण नपठाउने र निर्देशन कार्यान्वयन गर्न ढिलासुस्ति गर्ने मन्त्रालयहरु/निकायहरुलाई ७ दिनभित्र विवरण पठाउन र निर्णय कार्वान्वयन गर्न पुनः पत्राचार गर्ने निर्णय गरियो ।
- बागमती प्रदेश सरकार, कृषि तथा पशुपन्छी मन्त्रालयको शितभण्डारको निर्माण, सञ्चालन र स्वामित्व , दुधको पाउडर प्लान्टको प्रगती र मन्त्रालयले समस्या समाधानमा भएका पहलहरुको सम्बन्धमा विस्तृत विवरण ७ दिनभित्र पठाउन निर्देशन गर्ने निर्णय गरियो।
- बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गतको स्वास्थ्य आपूर्ती केन्द्रबाट वितरण भएका सामग्रीहरुको स्पष्ट विवरण र मेशिन औजारहरुको प्रयोगको अवस्था र जनशक्तिको तालमेल सहितको स्पष्ट विवरण माग गर्ने निर्णय गरियो।

**बैठक संख्या २०**

**मितिः २०८१ पौष १२**

<u>निर्णयहरु</u>

- बागमती प्रदेश सभा, सार्वजनिक लेखा समितिको २०औं बैठकमा उपस्थित भई महत्वपूर्ण सुझाव प्रदान गर्नुभएकोमा माननीय महालेखापरीक्षक तोयम रायाज्यू , उहाँको सम्पूर्ण टीम र बागमती प्रदेश सभाको माननीय उपसभामुख अप्सरा चापागाईंज्यूलाई धन्यवाद प्रकट गर्ने निर्णय गरियो।
- महालेखापरीक्षकको बागमती प्रदेशको चौथो र पाचौं प्रतिवेदनले औंल्याएको बेरुजु सम्बन्धमा बागमती प्रदेशका सबै मन्त्रालय/ निकायहरुलाई छुट्टाछुट्टै स्पष्ट लिखित जवाफ र भए गरेका प्रगती सहितको विवरण ७ दिनभित्र माग गर्ने निर्णय गरियो ।

## बैठक संख्या २१
## मितिः २०८१ माघ २५

<u>निर्णयहरु</u>

- बागमती प्रदेश सभा, सार्वजनिक लेखा समितिको २०८१/०५/१३ गतेको बैठकद्वारा गठित उपसमितिहरुको समयावधि फागुन मसान्तसम्म थप गर्ने निर्णय गरियो ।
- बागमती प्रदेशको विभिन्न जिल्लामा रहेका शितभण्डारको विस्तृत विवरण दिन र निर्माण सम्पन्न भएका शितभण्डारहरुको चैत मसान्तसम्म सञ्चालन गरी सोको जानकारी दिन निर्देशन गर्ने निर्णय गरियो।
- बहुवर्षीय आयोजनाहरुको प्रगति, औचित्य, र उपादेयता सम्बन्धमा अध्ययन गर्न चैत्र मसान्तसम्मको समयावधि रहने गरी निम्न सदस्यहरु रहने गरी ३ सदस्यीय बहुवर्षीय आयोजनाहरुको अध्ययन समिति बनाउने निर्णय गरियो।

    माननीय भरत बहादुर के.सी. – संयोजक
    माननीय वसन्त प्रसाद मानन्धर – सदस्य
    माननीय ईन्द्र प्रसाद गोतामे - सदस्य

- बागमती प्रदेश अन्तर्गतका बहुवर्षीय आयोजनाहरुको वित्तीय प्रगती, भौतिक प्रगति र सञ्चालनको अवस्थासहितको विस्तृत विवरण सबै मन्त्रालयहरुलाई यथाशिघ्र पठाउन निर्देशन गर्ने निर्णय गरियो।
- महालेखापरीक्षकको कार्यालयले बागमती प्रदेशको चौथो, पाचौं र छैठौं प्रतिवेदमा औंल्याएको बेरुजु सम्बन्धमा विवरण पठाउन बाँकी मन्त्रालय/ निकायहरुलाई छुट्टाछुट्टै स्पष्ट लिखित जवाफ र भए गरेका प्रगती सहितको विवरण ५ दिनभित्र उपलब्ध गराउन निर्देशन गर्ने निर्णय गरियो ।
- बागमती प्रदेशको लगानी भएको १३ वटै जिल्लाका अलपत्र अवस्थामा रहेका आयोजनाहरुको विस्तृत विवरण पठाउन निर्देशन गर्ने र आंशिक लगानी गरेर सम्पन्न हुने आयोजनाहरुलाई बजेटको व्यवस्था गर्न सुझाव दिने निर्णय गरियो।
- महालेखापरीक्षकको कार्यालयको बागमती प्रदेशको छैठौं प्रतिवेदनमा औंल्याएका विषयहरुबारे मन्त्रालय तथा निकायहरुको लिखित जवाफ अध्ययन गरी राय सहितको प्रतिवेदन अर्को बैठकमा पेश गर्ने गर्न चौथो र पाचौं प्रतिवेदन उपसमितिको जिम्मेवारी पाउनु भएका माननीयज्युहरुलाई नै तत् तत् मन्त्रालय/निकायहरुको जिम्मेवारी दिन निर्णय गरियो।

## बैठक संख्या २२
## मितिः २०८१ चैत्र १७

<u>निर्णयहरु</u>

महालेखापरीक्षकको कार्यालयले बागमती प्रदेशको चौथो, पाचौं र छैठौं प्रतिवेदनमा औंल्याएको बेरुजु सम्बन्धमा विवरण पठाउन बाँकी मन्त्रालय/निकायहरुलाई छुट्टाछुट्टै स्पष्ट लिखित जवाफ र भए गरेका प्रगति विवरण चैत्र मसान्तभित्र उपलब्ध गराउन निर्देशन गर्ने निर्णय गरियो ।

## बैठक संख्या २३
## मितिः २०८१ चैत्र १८

<u>निर्णयहरु</u>

- आर्थिक वर्ष २०८१/८२ को बजेट कार्यान्वयन र स्रोत सुनिश्चतताको विषयमा सम्पन्न बैठकले माननीय मुख्यमन्त्रीको विशेष आतिथ्यताप्रति धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।
- आगामी बजेट, नीति तथा कार्यक्रम र कार्यसम्पादन, सिमित साधन स्रोतको उच्चतम उपयोग गर्दै सुशासन र आर्थिक पारदर्शिता कायम गरी प्रदेश सरकारको आवश्यकता र औचित्यता पुष्टी हुनेगरी कार्य गर्न सरकारलाई निर्देशन दिने निर्णय गरियो।

## बैठक संख्या २४
## मितिः २०८२ जेठ ०४

<u>निर्णयहरु</u>

- मिति २०८१ भदौ १४ गते बसेको सार्वजनिक लेखा समितिको ११ औ बैठकबाट गठित उपसमितिहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, विषयगत १२ वटा मन्त्रालय, प्रदेश सभा सचिवालय, प्रदेश नीति तथा योजना आयोग, प्रदेश लोकसेवा आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालयको बेरुजु सम्बन्धमा जेठ १५ गतेभित्र समितिमा प्रतिवेदन पेश गर्ने निर्णय गरियो।

## बैठक संख्या २५
## मितिः २०८२ जेठ २२

<u>निर्णयहरु</u>

- यस आर्थिक वर्षमा बेरुजु फर्छ्येयौटको अवस्था, श्रोत सुनिश्चतताको अवस्था, दैनिक भ्रमण भत्ता, सेवा सुविधा मापदण्ड परिपालनाको अवस्था एवं साधारण खर्चमा रकमान्तरण गर्ने प्रवृत्ति लगायत लेखा

सन्तुलनको अवस्थाको विवरण सहित २०८२/०२/२८ गते हुने समितिको बैठकमा प्रदेश लेखा नियन्त्रकलाई उपस्थित हुनको लागि पत्राचार गर्ने निर्णय गरियो।

- प्रदेश योजना तर्जुमाका सन्दर्भमा हालसम्म वैज्ञानिक विधि अवलम्वन नभएको देखियो। आगामी आर्थिक वर्ष देखी प्रदेश योजना छनौट गर्नका लागि सबैलाई समेटिने र व्यवहारी साथै वैज्ञानिक हुने पद्धतिको निर्माण गरि प्रदेश सरकारलाई प्रत्यक्ष देखिने गरि योजना तर्जुमा गर्न सरकारलाई निर्देशन दिने निर्णय गरियो।
- मन्त्रालयले निर्माण गर्ने कार्यविधिमा एकरुपता नदेखिएको हुदा आर्थिक वर्ष समाप्त भएको भाद्र १५ गतेभित्र निर्माण गरि लागू गर्न निर्देशन दिने निर्णय गरियो।

### बैठक संख्या २६
### मितिः २०८२ जेठ २८

<u>निर्णयहरु</u>

- संघीय सरकारबाट खटिने प्रमुख सचिव, सचिवले नायव सुब्बा र खरिदार सरहको अतिरिक्त सुविधा लिइरहेको विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट निर्णयको आधार र कारण सहित  विस्तृत विवरण माग गर्ने निर्णय गरियो।
- चालु आर्थिक वर्षको बजेटमा गाडी खरिद निरुत्साहित गर्ने नीति लिए पनि गाडी खरिद भइरहेको हुदा उक्त विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयसँग कारण सहितको जवाफ माग गर्ने निर्णय गरियो।

## बैठक संख्या २७

## मितिः २०८२ जेठ २९

<u>निर्णयहरु</u>

- समिति सचिवालयबाट पेश भएको वार्षिक प्रतिवेदन उपर प्राप्त सुझाव समेटेर समितिबाट अनुमोदन गर्ने निर्णय गरियो।

# परिच्छेद ३
# उप-समितिका अनुगमन प्रतिवेदनहरुको सम्पादित अंश

**परिचय**

बागमती प्रदेशको विभिन्न मितिमा चौंथो प्रतिवेदन २०७८ पाँचौ प्रतिवेदन २०७९ र छैठौं बार्षिक प्रतिवेदन २०८१ प्रदेश सभामा पेश भई प्रतिवेदन उल्लेखित मन्त्रालय/निकायगत बंदाहरुमा छलफल गर्न सार्वजनिक लेखा समितिको सभापति मा. श्रीराम लामिछानेको सभापतित्वमा मिति २०८१/०५/१३ गते बसेको ११ औ बैठकले तीनवटा उपसमितिहरु गठन गरी कार्य विभाजन गरी आवश्यकता अनुसार छलफल गरी स्थलगत अनुगमन गरी राय सुझाव सहित बेरुज फछर्योट एवं समिति समक्ष सिफारिस गर्ने अधिकार सहित जिम्मेवारी प्रदान गरेको थियो।

**उपसमिति १**

लेखा समितिको मिति २०८१/०९/०५ गतेको बैठकले मा. मातृकाप्रसाद भट्टराईको संयोजकत्वमा मकवानपुर, सिन्धुली, रामेछाप र दोलखा जिल्लाको अनुगमन गर्ने निर्णय गरेको थियो।

**उपसमितिको कार्यक्षेत्र**

- उपसमितिका कार्यक्षेत्र अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय उद्योग वाणिज्य तथा भूमि प्रशासन मन्त्रालय संस्कृति पर्यटन तथा सहकारी मन्त्रालय श्रम रोजगार तथा यातायात मन्त्रालय र खानेपानी उर्जा तथा सिचाई मन्त्रालय रहेका थिए ।
- महालेखा परीक्षकको चौथो, पाँचौ  र छैठौं  प्रतिवेदनले औंल्याएका बेरुजु न्यूनिकरण बेरुजु फछ्र्यौट गर्न सम्बन्धित पक्षसँग छलफल मार्फत आवश्यक निर्णय गरी समिति समक्ष सिफारिस गर्ने ।
- आवश्यकताको आधारमा स्थलगत अनुगमन गरी वस्तु स्थिति बुझी आवश्यक निर्णय लिने ।
- बैठक बेलाउने सम्यन्धित पक्षसँग छलफल अन्तरक्रिया गर्ने त्यसबाट आएको निष्कर्ष समितिलाई सुझाव दिने ।

**अध्ययनको विधि**

- जिम्मेवारीमा परेका मन्त्रालयहरुसँग महालेखापरीक्षकले औंल्याएका वेरुजु फछ्र्योटका प्रगति तथा जवाफ माग गरी अध्ययन गरिएको ।
- मन्त्रालय तथा मातहतका कार्यालयहले संचालन गरेका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्थाको सम्बन्धमा स्थलगत अनुगमन गरिएको ।
- सम्बन्धित पक्षसँग बैठक छलफल गरिएको ।

**अध्ययनको उद्देश्य**

- महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरु चौथो, पाँचौं र छैठौले औल्याएका वेरुजुहरु आवश्यक अध्ययन तथा छानविन गरी वास्तविकता पत्ता लगाई आगामी दिनमा वेरुजुलाई न्यूनिकरण गर्दै लग्न फछ्र्योटको प्रक्रियालाई तत्काल अगाडि बढाउन लगाउने समिति समक्ष सुझाव दिने ।
- अनियमितता भएकालाई नियमित गराउन, वेरुजु असुलको अवस्था र असुल गर्न, गराउन सम्बन्धित पक्षलाई ध्यानाकर्षण गराउने समितिलाई सुझाव दिने ।

उपसमिति-१ को मिति २०८१/१२/१० गते स्थलगत अनुगमन गर्न सिन्धुली जिल्लाको पूर्वाधार विकास कार्यालय शहरी विकास तथा भवन विकास डिभिजन जलस्रोत तथा सहरी विकास डिभिजन पशु सेवा विज्ञ केन्द्र कृषि ज्ञान केन्द्र सिन्धुली जिल्ला अस्पतालमा पुगेको थियो। यसैगरी उपसमिति-१ को मिति २०८१/११/११ गते स्थलगत अनुगमन गर्न रामेछाप जिल्लाको जिल्ला अस्पताल रामेछाप डिभिजनल वन कार्यालय रामेछाप जलस्रोत तथा सिचाइ विकास डिभीजन रामेछाप पूर्वाधार विकास कार्यालय, रामेछाप खानेपानी तथा सरसफाइ डिभिजन गरी ५ वटा कार्यालयहरुमा पुगेको थियो। उपसमिति-१ को मिति २०८१/११/११ गते स्थलगत अनुगमन गर्न दोलखा जिल्लाको पशु सेवा कार्यालय र पशुपति चौलागाई अस्पताल गरी २ वटा कार्यालयहरुमा पुगेको थियो।

**निष्कर्ष**

दुई दिनको अनुगमन कार्यक्रममा १३ वटा कार्यालय तथा आयोजनाहरुको स्थलगत निरीक्षणको क्रममा उल्लेखित कार्यालयहरु बेरुजु घटाउन प्रयाप्त रुपमा संवेदनशिल नभएको पाइयो।

मुख्य रुपमा नीतिगत समस्याका कारण आयोजनाहरुको हस्तान्तरण कार्यमा समस्या भएको , निर्माण कार्य र हस्तान्तरण कार्यमा निकायगत समन्वयका कारण समस्या आइपरेको कारण सोचेअनुरुपको कार्य हुन नसकेको पाइयो। जिल्ला अस्पतालहरुमा भौतिक र मानवीय संरचनाहरु अप्रयाप्त भएको कारण गुणस्तरीय सेवा प्रदान गर्न चुकेको पाइयो । समग्रमा प्रादेशिक कार्यालयहरुमा बेरुजुलाई घटाई संथागत सुशासन कायम गर्न सम्बन्धित कार्यालय र तालुक मन्त्रालयहरु संवेदनशील भई कार्य गर्नुपर्ने देखिन्छ ।

## उपसमिति २

लेखा समितिको मिति २०८१/०९/०५ गतेको बैठकले मा. पुकार महर्जनको संयोजकत्वमा काठमाण्डौं ललितपुर भक्तपुर काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक जिल्लाको अनुगमन गर्ने निर्णय गरेको थियो।

**उपसमितिको कार्यक्षेत्र**

- उपसमितिका कार्यक्षेत्र अन्तर्गत प्रदेश सभा सचिवालय आर्थिक मामिला तथा योजना मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, वन तथा वातावरण मन्त्रालय र कृषि तथा पशुपंछी मन्त्रालय रहेका थिए ।

- महालेखा परीक्षकको चौथो, पाँचौ र छैठौं प्रतिवेदनले औंल्याएका बेरुजु न्यूनिकरण बेरुजु फछ्र्यौट गर्न सम्बन्धित पक्षसँग छलफल मार्फत आवश्यक निर्णय गरी समिति समक्ष सिफारिस गर्ने ।
- आवश्यकताको आधारमा स्थलगत अनुगमन गरी वस्तु स्थिति बुझी आवश्यक निर्णय लिने ।
- बैठक बेलाउने सम्यन्धित पक्षसँग छलफल अन्तरक्रिया गर्ने त्यसबाट आएको निष्कर्ष समितिलाई सुझाव दिने ।

**अध्ययनको विधि**

- जिम्मेवारीमा परेका मन्त्रालयहरुसँग महालेखापरीक्षकले औंल्याएका वेरुजु फछ्र्योटका प्रगति तथा जवाफ माग गरी अध्ययन गरिएको ।
- मन्त्रालय तथा मातहतका कार्यालयहले संचालन गरेका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनको अवस्थाको सम्बन्धमा स्थलगत अनुगमन गरिएको ।
- सम्बन्धित पक्षसँग बैठक छलफल गरिएको

**अध्ययनको उद्देश्य**

- महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरु चौथो, पाँचौं र छैठौले औंल्याएका वेरुजुहरु आवश्यक अध्ययन तथा छानविन गरी वास्तविकता पत्ता लगाई आगामी दिनमा वेरुजुलाई न्यूनिकरण गर्दै लग्न फछ्र्योटको प्रक्रियालाई तत्काल अगाडि बढाउन लगाउने समिति समक्ष सुझाव दिने ।
- अनियमितता भएकालाई नियमित गराउन, वेरुजु असुलको अवस्था र असुल गर्न, गराउन सम्बन्धित पक्षलाई ध्यानाकर्षण गराउने समितिलाई सुझाव दिने ।

उपसमिति-२ को मिति २०८१/१०/०८ गते स्थलगत अनुगमन गर्न काभ्रेपलाञ्चोक जिल्लाको लिलावती खोला पुल, सामाजिक विकास कार्यालय, कृषि विकास कार्यालय, पुर्वाधार विकास कार्यालय र होक्से गुणस्तर खानेपानी आयोजनामा पुगेको थियो ।यसैगरी उपसमिति-२ को मिति २०८१/१०/९ गते स्थलगत अनुगमन गर्न सिन्धुपाल्चोक जिल्लाको सुकुटे कभर्ड हल, चौतारा अस्पताल, पूर्वाधार विकास कार्यालय, उद्योग तथा वाणिज्य कार्यालय र जलस्रोत तथा सिंचाई डिभिजन कार्यालय गरी ५ वटा कार्यालय/ आयोजनाहरुमा पुगेको थियो।

**निष्कर्ष**

सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्लाको अनुगमनको क्रममा ३ वटा आयोजना र ७ वटा कार्यालयहरुमा स्थलगत अनुगमन गरियो । अनुगमनको क्रममा मुख्य गरी कार्यालयहरुले फर्छ्यौट गरिसकेका बेरुजुहरुलाई महालेखापरीक्षकको कार्यालयसंग समन्वय नभएको कारण प्रतिवेदन पुस्तिकामा निरन्तर आइरहने समस्या रहेको पाइयो । उपभोक्ता समितिले गर्ने कार्यमा ठेकेदारलाई समाहित गराएको

भन्ने सम्मको गुनासो पाइयो । मुख्य रुपमा नीतिगत समस्याका कारण आयोजनाहरुको हस्तान्तरण कार्यमा समस्या भएको , निर्माण कार्य र हस्तान्तरण कार्यमा निकायगत समन्वयका कारण समस्या आइपरेको कारण सोचेअनुरुपको कार्य हुन नसकेको पाइयो। आयोजनाहरु बजेट अभावको कारण अलपत्र अवस्थामा रहेको समेत पाइयो । यसैगरि काभ्रेको पनौतीमा रहेको लिलावती दरिन खोला पुलको सन्दर्भमा महालेखाको प्रतिवेदनले सडक सन्जाल नभएको ठाउँमा पुलको औचित्य नदेखिएको भनी कोड गरेकोमा स्थलगत अनुगमन गर्दा स्थानीय तहले बाटोको ट्र्याक खोल्ने काम गरिसकेको र उक्त पुल रणनीतिक पुलको रुपमा रहेको र करिव ६००-७०० घरधुरी लाभान्वित हुने पाइयो । यसैगरी अन्य कार्यालयहरुको पनि कार्यसम्पादनमा सुधार गरेर नागरिक केन्द्रीत सेवा गर्नेतर्फ केन्द्रीत हुनपर्ने देखियो । समग्रमा प्रादेशिक कार्यालयहरुमा बेरुजुलाई घटाई संथागत सुशासन कायम गर्न सम्बन्धित कार्यालय र तालुक मन्त्रालयहरु संवेदनशील भई कार्य गर्नुपर्ने देखिन्छ।

## उपसमिति ३

लेखा समितिको मिति २०८१/०९/०५ गतेको बैठकले मा. केशव प्रसाद पोखरेलको संयोजकत्वमा चितवन धादिङ नुवाकोट र रसुवा जिल्लाको अनुगमन गर्ने निर्णय गरेको थियो।

### उपसमितिको कार्यक्षेत्र

- उपसमितिका कार्यक्षेत्र अन्तर्गत सामाजिक विकास मन्त्रालय स्वास्थ्य मन्त्रालय भौतिक पूर्वाधार विकास मन्त्रालय युवा तथा खेलकूद मन्त्रालय प्रदेश लोकसेवा आयोग प्रदेश नीति तथा योजना आयोग र मुख्य न्यायाधिवक्ताको कार्यालय रहेका थिए ।
- महालेखा परीक्षकको चौथो, पाँचौ र छैठौं प्रतिवेदनले औल्याएका बेरुजु न्यूनिकरण बेरुजु फछ्र्यौट गर्न सम्बन्धित पक्षसँग छलफल मार्फत आवश्यक निर्णय गरी समिति समक्ष सिफारिस गर्ने ।
- आवश्यकताको आधारमा स्थलगत अनुगमन गरी वस्तु स्थिति बुझी आवश्यक निर्णय लिने ।
- बैठक बेलाउने सम्यन्धित पक्षसँग छलफल अन्तरक्रिया गर्ने त्यसबाट आएको निष्कर्ष समितिलाई सुझाव दिने ।

### अध्ययनको विधि

- जिम्मेवारीमा परेका मन्त्रालयहरुसँग महालेखापरीक्षकले औल्याएका वेरुजु फछ्र्योटका प्रगति तथा जवाफ माग गरी अध्ययन गरिएको ।
- मन्त्रालय तथा मातहतका कार्यालयहले संचालन गरेका योजना तथा कार्यक्रमहरुको कार्यान्वियनको अवस्थाको सम्बन्धमा स्थलगत अनुगमन गरिएको ।
- सम्बन्धित पक्षसँग बैठक छलफल गरिएको

### अध्ययनको उद्देश्य

- महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरु चौथो, पाँचौं र छैठौंले औंल्याएका वेरुजुहरु आवश्यक अध्ययन तथा छानविन गरी वास्तविकता पत्ता लगाई आगामी दिनमा वेरुजुलाई न्यूनिकरण गर्दै लग्न फछ्र्योटको प्रक्रियालाई तत्काल अगाडि बढाउन लगाउने समिति समक्ष सुझाव दिने ।
- अनियमितता भएकालाई नियमित गराउन, वेरुजु असुलको अवस्था र असुल गर्न, गराउन सम्बन्धित पक्षलाई ध्यानाकर्षण गराउने समितिलाई सुझाव दिने ।

उपसमिति-३ को मिति २०८१/०९/१७ गते स्थलगत अनुगमन गर्न चितवन जिल्लाको कृषि विकास कार्यालय, रामपुर क्याम्पसको BSL lab, गौतम बुद्ध अन्तराष्टीय क्रिकेट रङ्गशाला, खैरहनी शित भण्डार, बकुलहर रत्ननगर अस्पतालमा पुगेको थियो। यसैगरी मिति २०८१/०९/१८ गते स्थलगत अनुगमन गर्न धादिङ जिल्लाको धादिङ जिल्ला अस्पताल, गणेश मन्दिर पुल, शितभण्डार, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय , चन्द्रोदय मा.वि. , सामाजिक विकास कार्यालय गरी ६ वटा कार्यालयहरुमा पुगेको थियो।

### निष्कर्ष

दुई दिनको अनुगमन कार्यक्रममा ११ वटा कार्यालय तथा आयोजनाहरुको स्थलगत निरीक्षणको क्रममा उल्लेखित कार्यालयहरु बेरुजु घटाउन प्रयाप्त रुपमा संवेदनशिल नभएको पाइयो। यसैगरी कृषि विकास कार्यालय, चितवनले लाभग्राही विववरण पुस्तिका प्रकाशन गर्ने गरेको, गौतम बुद्ध अन्तराष्ट्रीय क्रिकेट रङ्गशालाको निर्माण कार्य तीब्र रुपमा भइरहेको र आगामी २०८३ असार भित्रमा निर्माण सम्पन्न गर्ने पालिकाको लक्ष्य रहैको समेत स्थलगत अनुगमनको क्रममा पाइयो ।मुख्य रुपमा नीतिगत समस्याका कारण आयोजनाहरुको हस्तान्तरण कार्यमा समस्या भएको , निर्माण कार्य र हस्तान्तरणा कार्यमा निकायगत समन्वयका कारण समस्या आइपरेको कारण सोचेअनुरुपको कार्य हुन नसकेको पाइयो। खैरहनी शित भण्डारको सवालमा स्थानीय तहले ३० प्रतिशत लागत व्यहोरेको र निर्माण सम्पन्न भइसक्दा पनि मन्त्रालयबाट सञ्चालनको सुनिश्चतता नभएको पाइयो। बेनीघाट रोराङ शितभण्डारको विषयमा स्थानीय समुदायको साझेदारीता नभएको र हालसम्म सञ्चालनको लागि कुनै पनि कार्य अघि नबढेको पाइयो। जिल्ला अस्पतालहरुमा भौतिक र मानवीय संरचनाहरु अप्रयाप्त भएको कारण गुणस्तरीय सेवा प्रदान गर्न चुकेको पाइयो ।समग्रमा प्रादेशिक कार्यालयहरुमा बेरुजुलाई घटाई संथागत सुशासन कायम गर्न सम्बन्धित कार्यालय र तालुक मन्त्रालयहरु संवेदनशील भई कार्य गर्नुपर्ने देखिन्छ ।

उपसमिति-३ को मिति २०८२/०१/२१ गते स्थलगत अनुगमन गर्न नुवाकोट जिल्लाको हिमालय शितभण्डार प्रालि, जलस्रोत तथा सिचाई विकास डिभिजन, डिभिजन वन कार्यालय, पूर्वाधार विकास कार्यालय, कृषि विकास कार्यालय र २०८२/०१/२३ मा त्रिशुली अस्पतालमा पुगेको थियो भने मिति २०८२/०१/२२ गते स्थलगत अनुगमन गर्न रसुवा जिल्लाको धैबुङ कालिकास्थान साना किसान कृषि

सहकारी संस्था द्वारा सञ्चालित शीतभण्डार, जलस्रोत तथा सिचाइ विकास सब – डिभिजन रसुवा, डिभिजन वन कार्यालय , गरी ३ वटा कार्यालयहरुमा पुगेको थियो।

**निष्कर्ष**

तिन दिनको अनुगमन कार्यक्रममा ९ वटा कार्यालय तथा आयोजनाहरुको स्थलगत निरीक्षणको क्रममा उल्लेखित कार्यालयहरु बेरुजु घटाउन प्रयाप्त रुपमा संवेदनशिल नभएको पाइयो। यसैगरी दुवै जिल्लामा स्थापित शीतभण्डार केही कमजोरीका बाबजुद सञ्चालनमा रहेको पाइएपनि सञ्चालन सुनिश्चतता नभएको पाइयो। रसुवा जिल्लाको धैबुङ कालिकास्थान साना किसान कृषि सहकारी संस्था द्वारा सञ्चालित शीतभण्डार को सवालमा शीतभण्डार वरपर घेरावारको पर्याप्त व्यवस्था नभएको र शौचालयको व्यवस्थापन कमजोर रहेको पाइयो ।मुख्य रुपमा नीतिगत समस्याका कारण आयोजनाहरुको हस्तान्तरण कार्यमा समस्या भएको , निर्माण कार्य र हस्तान्तरणा कार्यमा निकायगत समन्वयका कारण समस्या आइपरेको कारण सोचेअनुरुपको कार्य हुन नसकेको पाइयो। जिल्ला अस्पतालहरुमा भौतिक र मानवीय संरचनाहरु अप्रयाप्त भएको कारण गुणस्तरीय सेवा प्रदान गर्न चुकेको पाइयो । समग्रमा प्रादेशिक कार्यालयहरुमा बेरुजुलाई घटाई संथागत सुशासन कायम गर्न सम्बन्धित कार्यालय र तालुक मन्त्रालयहरु संवेदनशील भई कार्य गर्नुपर्ने देखिन्छ ।कार्यक्रम र योजना छनौट गर्दा औचित्य आवश्यकता र प्रतिफल विश्लेषण समयमा नभएको पाइयो।

# परिच्छेद ४

# बहुवर्षीय आयोजनाहरुको अध्ययन समितिको प्रतिवेदन

सार्वजनिक लेखा समितिको २१ औ बैठकबाट गठित बहुवर्षीय आयोजनाहरुको अध्ययन समितिका संयोजक माननीय श्री भरत बहादुर के.सी. को संयोजकत्वमा गठित अध्ययन समितिले बहुवर्षीय आयोजनाको छनौट र कार्यान्वयनमा तपशील बमोजिमका समस्याहरुको पहिचान गरियो।

<u>समस्या</u>

- योजना निर्माण र छनौट प्रक्रिया पारदर्शी नभएको
- स्थानीय माग, भुगोल र औचित्य विपरीत श्रोत सुनिश्चित गर्ने गरिएको
- बहुवर्षीय योजनाको लगानी र प्रतिफलका बारेमा लेखा/जोखा र अवस्थाका बारेमा एकीन तथ्याङ्क नभएको
- सम्बन्धित जिल्ला र क्षेत्रका माननीयहरुको योजना छनौट र योजना तर्जुमामा संलग्नता विनानै कार्यान्वयन हुने गरेको
- प्रादेशिक निर्वाचन क्षेत्रमा न्यायोचित वितरण नभएको
- प्रदेश सरकारको लगानी बारे अनुगमन र मर्मत सम्भारका बारेमा ठोस योजना नभएको
- माथि पहिचान गरिएका समस्याहरुको समाधानका लागि देहाय बमोजिमका समाधानका उपायहरु अवलम्वन गर्नुपर्ने देखियो।
- बहुवर्षीय योजनाको छनौट प्रक्रिया पारदर्शी हुनुपर्ने
- मापदण्डको पूर्ण परिपालन गर्नुपर्ने
- बहुवर्षीय योजनाको वितरण प्रणाली पारदर्शी र न्यायोचित हुनुपर्ने
- बहुवर्षीय योजना निर्माण गर्दा छनौट, अनुगमनको सुनिश्चितता मर्मत सम्भार र प्रदेशको लगानीको पहिचान सहितको व्यवस्था हुनु पर्ने
- योजना छनौट गर्दा प्रदेश सभाका सदस्य र स्थानीय तहसंग पनि समन्वय हुनु पर्ने

# अनुसुची १
# अनुगमनको क्रममा लिइएको तस्वीरहरु



पूर्वाधार विकास कार्यालय, काभ्रेपलाञ्चोक



लिलावती खोलापुल, पनौती




गौतम बुद्ध अन्तराष्ट्रीय क्रिकेट रङ्गशाला, चितवन




चन्द्रोदय मा.वि, धादिङ




त्रिशुली अस्पताल नुवाकोट




कृषि विकास कार्यालय नुवाकोट




खानेपानी तथा सरसफाइ डिभीजन रामेछाप



पशु सेवा कार्यालय सिन्धुली

# अनुसुची २

## समितिको बैठकका तस्विरहरु






## अनुसुची ३

## समिति सदस्यहरुको विवरण

### बागमती प्रदेश सभा

# सार्वजनिक लेखा समिति

**सभापति**

**माननीय श्रीराम लामिछाने**

**सदस्यहरु**

| क्र.सं. | नाम थर | राजनीतिक दल | सम्पर्क नम्बर |
|---|---|---|---|
| १ | मा. इन्द्र प्रसाद गोतामे | नेकपा माओबादी केन्द्र | ९८५११५९१९९ |
| २ | मा. कृष्णकुमार तामाङ | नेपाली काँग्रेस | ९८५१०८४७२० |
| ३ | मा. केशवप्रसाद पोखरेल | नेकपा एमाले | ९८५१०८७०९३ |
| ४ | मा. गिर बहादुर तामाङ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ९८५५०५१३८२ |
| ५ | मा. पुकार महर्जन | नेपाली काँग्रेस | ९८४१६२२७४९ |
| ६ | मा. प्रेम बहादुर पुलामी | नेकपा माओबादी केन्द्र | ९८५५०६७८९९ |
| ७ | मा. भरत बहादुर के. सी. | नेकपा एमाले | ९८५११४३७७९ |
| ८ | मा. मातृका प्रसाद भट्टराई | नेकपा माओबादी केन्द्र | ९८५२८३२४४८ |
| ९ | मा. माया कुमारी कार्की | नेकपा एमाले | ९८५४०४०७३१ |
| १० | मा. माया श्रेष्ठ | नेपाली काँग्रेस | ९८४५०५६४६७ |
| ११ | मा. युवराज दुलाल | नेकपा माओबादी केन्द्र | ९८५१२२२१११ |
| १२ | मा. राजेन्द्र प्रजापति | राष्ट्रिय प्रजातन्त्र पार्टी | ९८५१०१९४४३ |
| १३ | मा. रामेश्वर श्रेष्ठ | नेकपा एमाले | ९८५१०७८७७३ |
| १४ | मा. वसन्त प्रसाद मानन्धर | नेकपा एकीकृत समाजवादी | ९८४१५२८५१९ |
| १५ | मा. विनु रायमाझी पौडेल | नेपाली काँग्रेस | ९८५५०६५८४४ |
| १६ | मा. सरिता खड्गी | नेपाली काँग्रेस | ९८४३२१९२३४ |

# अनुसुची ४
## सचिवालयमा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १. | श्री प्रेम प्रकाश न्यौपाने | समिति सचिव |
| २. | श्री प्रमोद अधिकारी | कम्प्युटर अपरेटर |
| ३. | श्री गङ्गा लामिछाने | सहायक कम्प्युटर अपरेटर |
| ४. | श्री दिलिप काफ्ले | कार्यालय सहयोगी |
| ५. | श्री पार्वती श्रेष्ठ | कार्यालय सहयोगी |